# पुनर्वास नगरपालिका

# विपद् पूर्वतयारी तथा प्रतिकार्य योजना

पुनर्वास नगरपालिका
नगर कार्यपालिकाको कार्यालय, पुनर्वास
सुदूर-पश्चिम प्रदेश, नेपाल

असोज, २०७९

**दस्तावेज :** विपद् पूर्वतयारी तथा प्रतिकार्य योजना २०७९

**प्रकाशक :** स्थानीय विपद व्यवस्थापन समिति, पुर्नबास नगरपालिका कञ्चनपुर

**प्रकाशन मिति :** २०७९

**प्राविधिक सहयोग** : नेपाल रेडक्रस सोसाइटी कंचनपुर जिल्ला शाखा,STRONG परियोजना

**सर्वाधिकार :** पुर्नबास नगरपालिका कञ्चनपुर



# पुनर्वास नगरपालिका
# नगर कार्यपालिकाको कार्यालय
## पुनर्वास, कञ्चनपुर
## सुदुरपश्चिम प्रदेश, नेपाल

पत्र संख्या
चलानी

मितिः

## दुई शब्द

पुनर्वास नगरपालिकाको विपद पुर्वतयारी तथा प्रतिकार्य योजना २०७९ तयार गरी यहाँहरु सामु प्रस्तुत गर्न पाउँदा खुशी लागेकोछ । यस नगरपालिका वर्षेणी भुकम्प, वाढी, नदी कटान, डुबान, रोगकिरा, हावाहुरी, आगलागी, जनावर आतँक, खडेरी, माहामारी र चट्याँङ जस्ता विपदवाट जनधनको क्षति भईरहेकोछ । तसर्थ विपदका घटनाहरुको पुर्वतयारी तथा प्रतिकार्य गर्नु आजको आवश्यकता रहेकोले विपद संग सम्बन्धित विभिन्न सरोकारवालाहरुसँगको सुझाव सहित यो योजना तयार गरिएको हो ।

विपद व्यवस्थापनका लागि स्थानीय स्तरको विपद पुर्वतयारी तथा प्रतिकार्य योजना एउटा महत्वपुर्ण दस्तावेजको रुपमा रहेकोछ । विगतको विपदवाट सिकाई तथा नयाँ ऐन, नियमलाई आत्मसाथ गरी स्थानीय तहवाट समन्वयात्मक भुमिकालाई थप प्रभावकारी र अझ जिम्मेवार वनाउदै यस गाउँपालिकाको विपद पुर्वतयारी तथा प्रतिकार्य योजना तयार गरिएको छ ।

हाल राज्य पुर्नसंरचना अनुरुप स्थानीय सरकार सञ्चालन ऐन २०७४ मा भएको व्यवस्था बमोजिम स्थानीय तहको भुमिका थप सकृय वनाउनु पर्ने महसुस गरी विपद पुर्वतयारी तथा प्रतिकार्य योजना तयार गर्ने थालनी गरेको हो ।

योजना तयार गर्ने क्रममा सहयोग पुर्याउने स्थानीय विपद व्यवस्थापन समितिका सदस्यहरु, राजनितीक दल, स्थानीय सरकार, सरोकारवाला संघसंस्थाहरुलाई हार्दिक धन्यवाद दिन चाहन्छु साथै योजना तयार गर्न आर्थिक तथा प्राविधिक सहयोग गर्ने सहयोगी संस्था नेपाल रेडक्रस सोसाईटी कंचनपुर जिल्ला शाखा,STRONG परियोजना तथा यस विपद पुर्वतयारी तथा प्रतिकार्य योजना निर्माणका लागि यस योजना निर्माण प्रक्रियामा संलग्न सबै सरोकारवालाहरु लाई पनि धन्यवाद दिन चाहन्छु ।

अन्तमा यस योजनाले विपदको समयमा गरिने प्रभावकारी समन्वयात्मक प्रतिकार्यलाई सहज र योजनावद्ध गर्न मदत गर्नेछ भन्ने विश्वास लिएकोछु ।

धन्यवाद ।

तोय प्रसाद शर्मा
नगर प्रमुख
पुनर्वास नगरपालिका, कंचनपुर

# विषय-सूची

परिच्छेद १. परिचय, योजनाको पृष्ठभूमि र उद्देश्य
१.१ पुनर्वास नगरपालिका को परिचय....१
१.२ विपद् पूर्वतयारी तथा प्रतिकार्य योजनाको पृष्ठभूमि....१
१.३ योजनाको उद्देश्य....१
१.४ योजना तयारी प्रक्रिया....२
परिच्छेद २. विपद् जोखिम र व्यवस्थापनको अवस्था
२.१नगरपालिका को प्रमुख प्रकोपहरू ....३
२.२ विभिन्न प्रकोपबाट भएको क्षति....३
२.३ सम्भाव्य प्रकोप तथा सम्भावित प्रभाव क्षेत्र....४
२.४ विपद् जोखिम ....४
२.५ पूर्वसूचना प्रणाली....५
२.६ कानूनी, नीतिगत तथा संस्थागत व्यवस्था....५
२.७ विषयगत क्षेत्रहरू तथा जिम्मेवार निकाय....५
परिच्छेद ३. सामान्य पूर्वतयारी योजना....८-१२
परिच्छेद ४. पूर्वानुमानमा आधारित पूर्वतयारी योजना.... १३-१८
परिच्छेद ५. आपत्कालीन प्रतिकार्य योजना.... १९-२३
परिच्छेद ६. बन्दोबस्तीका सामग्री आँकलन तथा आवश्यकताको लेखाजोखा
६.१ विषयगत क्षेत्र अन्तर्गत रहेका सामग्रीगत स्रोत/साधन ....२४
६.२. विपद् प्रतिकार्यका लागि दक्ष जनशक्ति....२८
६.३ बन्दोबस्तीका सामान....२८
६.४ थप आवश्यकता र अनुमानित लागत....२९-३०
परिच्छेद ७. विविध
७.१ आर्थिक श्रोत र उपलब्ध हुने विधि....३१
७.२ अन्य निकायहरूसँगको समन्वय र सहकार्य....३१
७.३ अनुगमन, मूल्याङ्कन तथा सिकाई योजना
७.३.१ लक्ष्य र सूचकहरू....३२
७.३.२ अनुगमन, मूल्याङ्कन र परिमार्जन....३३
७.३.३ क्षमता विकास रणनीति र योजना....३३
सन्दर्भ सामग्रीहरू....३३
अनुसूचीहरू....३४-४०

# परिच्छेद १
# परिचय, योजनाको पृष्ठभूमि र उद्देश्य

## १.१ पुनर्वास  नगरपालिकाको परिचय

पुनर्वास  नगरपालिका नेपालको सुदूर-पश्चिम प्रदेश अन्तर्गत कंचनपुर जिल्लाको पुर्वि दक्षिण किनारा मा अवस्थित छ। भौगोलिक अवस्थीतिका हिसाबले अक्षांसः २८°३६’३५ देखि २८°४३’३७ उत्तरी अक्षांस देशान्तरः ८०°२२’५० देखी ८०°३०’२० पूर्वी देशान्तर देशान्तर सम्म फैलिएको यस नगरपालिकाको पूर्वमा कैलाली जिल्ला र भारतको उत्तर प्रदेश अन्तर्गत दुधुवा नेशनल पार्क, पश्चिममा पुनर्वास नगरपालिका, उत्तरमा लालझाडी गाउँपालिका र कृष्णपुर नगरपालिका र दक्षिणमा भारतको उत्तर प्रदेश संग सिमाना जोडिएको छ। सम्पुर्ण भाग समथर तराई क्षेत्रमा पर्ने यस नगरपालिकामा उपोष्ण हावापानी पाईन्छ ।  गर्मीयाममा यहाँको अधिकतम तापक्रम ४६ डि.से. सम्म पुग्छ र जाडोयाममा न्यूनतम तापक्रम ५ डि.से. सम्म झर्दछ । नेपाल सरकार मन्त्रिपरिषदको २०७१।०१।२५ निर्णयबाट यो नगरपालिका गठन भएको यो नगरपालिका साविकका परासन, त्रिभुवनवस्ती, कालिका र वाईसी विचवा गा.वि.स.गरी ४ वटा गा.वि.स. गाभिएर बनेको। जिल्ला सदरमुकाम देखि २२ कोष टाढा सूदूर दक्षिणमा रहेको नगरपालिका वि.सं.२०२८ सालमा तत्कालिन नेपाल पुनर्वास कम्पनी लि.द्धारा व्यवस्थित रुपले वसोवास गराईएको हुंदा सोही समय देखि नै यस क्षेत्रलाई पुनर्वास क्षेत्र भनिएको हो । यस क्षेत्रमा नेपाल पुनर्वास कम्पनीद्धारा वस्ती विकास गरी वसोवास गराउनु पूर्व अधिकांश आदीवासी राना थारुहरु नदी किनारमा वसोवास गर्ने गरेको स्थानीय जानकारहरु बताउंछन्। वि.सं.२०२४ सालमा विचफाँटाबाट वसोवास सुरु भै वि.सं.२०२८ सालमा पुनर्वास कम्पनीद्धारा रामवस्ती, त्रिभुवनवस्ती, वुद्धवस्ती, जनकवस्ती, सितावस्ती, मोतिवस्ती, भानुवस्ती, अरनिकोवस्ती, वीरवलभद्रवस्ती नामाकरण गरि गाउंहरु बसाईएको थियो । योजनाबद्ध तरिकाले बसोबास गरिएकोले यहाको सडकहरु सिधारेखामा तथा चौडा रहेका छन। पुरानो परम्परागत थारु गउंहरु बाहेक नयां बसोबास गराइएको गाउंहरुमा घरहरु एकैठाउंमा गुजमुज्ज नभै सडकसंगै लहरै परेका छन । हेर्दा यहांका गाउहरु व्यवस्थित र सुन्दर देखिन्छन ।

यस नगर क्षेत्रमा असार, साउन, भदौ महिनामा अधिक वर्षा हुने गर्दछ। जम्मा एघार (११) वडा रहेको यस नगरपालिका को क्षेत्रफल १०३.७१ वर्ग कि.मि. रहेको छ। भने यस नगरपालिकाको जम्मा घरधुरी संख्या १२००१ र जम्मा जनसंख्या ७०४३४ ( जसमा ३५८१२ पुरुष र ३४६२२ महिला)  रहेको छ ।यस पुनर्वास नगरपालिका क्षेत्र भएर वग्ने मुख्य नदी तथा खोलाहरुमा दोदा नदी र कुर्सानाला पर्दछन् । भने साना ठूला लगाएर ९ वटा तालहरु यस नगरपालिकामा रहेका छन् । जस मध्ये प्याराताल, नैनी ताल, गंगाला ताल, पुरैया ताल यस क्षेत्रका मुख्य तालहरु हुन ।

## १.२ विपद् पूर्वतयारी तथा प्रतिकार्य योजनाको पृष्ठभूमि

पुनर्वास   नगरपालिका  विभिन्न प्राकृतिक तथा गैर-प्राकृतिक प्रकोपहरूबाट प्रभावित हुने गर्छ। यस नगरको विपद् जोखिम पार्श्वचित्रमा उल्लेख भए अनुसार बाढीले उल्लेख्य मात्रामा जनधनको क्षति गर्छ । त्यसैगरी, हावाहुरी, जनावर आतङ्क, कृषि बालीमा हुने रोग-कीरा, आगलागी, शीतलहर, खडेरी, पशुरोग, असिनापानी,सडक दुर्घटना जस्ता प्रकोपहरूले पनि नोक्सान गरिरहेका छन् ।
स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ११ उपदफा (२) न र संघीय प्रणाली बमोजिम स्थानीय तहको विपद् व्यवस्थापन अधिकार, जिम्मेवारी र दायित्व बहन गर्न विपद् पूर्वतयारी तथा प्रतिकार्य योजना तर्जुमा मार्गदर्शन, २०७६ अनुरूप नगरपालिका ले यो विपद् पूर्वतयारी तथा प्रतिकार्य योजना तयार गरेको छ। यो योजना तत्काल कार्यान्वयन हुनेछ ।

## १.३ योजनाको उद्देश्य

यस योजनाको प्रमुख उद्देश्य पुनर्वास  नगरपालिका मा विपद् पूर्वतयारी र प्रतिकार्यलाई प्रभावकारी बनाई जनधनको क्षति कम गर्नु रहेको छ । यसका देहाय बमोजिमका विशिष्टिकृत उद्देश्यहरू रहेका छन्:

(क) विपद् प्रतिकार्यका लागि मुख्य जिम्मेवार तथा सहयोगी निकायहरू पहिचान र अद्यावधिक गर्नु ।

(ख) विपद् प्रतिकार्यका लागि विषयगत क्षेत्रहरूको जिम्मेवारी तथा भूमिका निर्धारण गरी प्रभावकारी विपद् पूर्वतयारी र प्रतिकार्य गर्नु ।

(ग) विपद् प्रतिकार्यका लागि सामान्य पूर्वतयारी, पूर्वानुमानमा आधारित पूर्वतयारी तथा प्रतिकार्यका क्रियाकलापहरू तय गर्नु ।

(घ) विपद् प्रतिकार्यका लागि अहिले उपलब्ध स्रोत, साधन र जनशक्तिको लेखाजोखा र सम्भावित विपद्को सामना गर्न आवश्यक क्षमताको आँकलन गर्नु ।

## १.४ योजना तयारी प्रक्रिया

विपद पूर्वतयारी तथा प्रतिकार्य योजना तर्जुमा मार्गदर्शन २०६७ ( प्रथम परिमार्जन  २०७६) ले नगरपालिकाको स्थानिय विपद व्यवस्थापन समितिको नेतृत्वमा विपद जोखिम न्यूनिकरण तथा व्यवस्थापनको क्षेत्रमा क्रियाशिल निकाय तथा विषयगतक्षेत्रको सहभागितामा विपद पूर्वतयारी तथा प्रतिकार्य योजना तर्जुमा गर्ने व्यवस्था भए अनुसार यस नगरपालिकाले सहभागितात्मक प्रक्रिया अपनाई नगर विपद पूर्वतयारी तथा प्रतिकार्य योजना तर्जुमा गरेको छ। विपद पूर्वतयारी तथा प्रतिकार्य योजना तर्जुमा गर्दा अवलम्बन गरिएको प्रक्रिया देहाय बमोजिम रहेको छ ।




माथि उल्लेखित ढाँचामा योजना तर्जुमा गरिएका चरणहरुको संक्षेपमा तल चर्चा गरिएको छ ।

### (क) नगर विपद् व्यवस्थापन समिति संग प्रारम्भिक समन्वय बैठक

विपद् पूर्वतयारी तथा प्रतिकार्य योजना तयार गर्नका लागि नगर विपद् व्यवस्थापन समितिका पदाधिकारी संग मिति २०७८ भाद्र २२ गतेका दिन बसेकोको बैठकबाट यस नगरपालिकामा ७ वटा विषयगत क्षेत्रहरुको निर्धारण गरिएको थियो ।

**(ख) आधारभुत अध्ययन :**

नगर पालिकामा विपद व्यवस्थापन सम्बन्धि मौजुदा निति, योजनाहरु विपदका घटना सम्बन्धि तथ्यांक र प्रकाशनहरु, प्रकोप नक्सा लगायत अन्य सान्दर्भिक सामग्रीहरुको् पुनरावलोकन र समिक्षा गरि विपद जोखिम सम्बन्धी आधारभुत अध्ययन र विश्लेषण गरिएको थियो । योजना तर्जुमाका क्रममा देहाय बमोजिमका तथ्यांक, दस्तावेज र प्रकाशनहरुको समेत अध्ययन तथा विश्लेषण गरिएको थियो ।

- विपद व्यवस्थापन सम्बन्धी संघ, प्रदेश र स्थानिय तहका निति, ऐन तथा निर्देशिका ।
- विपद जोखिम न्यूनिकरण तथा व्यवस्थापन राष्ट्रिय रणनीति कार्ययोजना (सन २०१८-२०३०)
- कंचनपुर जिल्ला विपद पूर्वतयारी तथा प्रतिकार्य योजना (अद्यावधिक) २०७८
- विपद व्यवस्थापन सम्बन्धि विगतको अभ्यास, अनुभव तथा सिकाई
- पनर्वास नगरपालिकाको स्थानिय विपद तथा जलवायु उत्थानशिल योजना २०७५
- स्थानिय मौसम तथा बाढी पूर्वानुमान र पूर्वसूचना प्रणाली ।
- पुनर्वास नगरपालिकाको नगर प्रोफायल
- नगरपालिकाको आ.व.२०७८/७९ को निति तथा कार्यक्रम

**(ग) विषयगत क्षेत्रहरूको बैठक**

विषयगत क्षेत्र अन्तर्गत पर्ने सरोकारवाला निकायहरूको पहिचान, बिषयगत क्षेत्रको विपद प्रतिकार्य योजना तयारी ( सामान्य पूर्वतयारी योजना, पूर्वानुमानमा आधारित पूर्वतयारी योजना, आपत्कालीन प्रतिकार्य योजना) का गतिविधिहरु, विषयगत क्षेत्रसँग सम्बन्धित रही स्रोतहरूको आँकलन, आवश्यकताको लेखाजोखा आदि विषयहरूमा छलफल गर्न विषयक्षेत्रहरु संग मिति २०७८ भाद्र २७ गते बैठक सञ्चालन गरिएको थियो ।

**(घ) विपद् पूर्वतयारी तथा प्रतिकार्य योजनाको मस्यौदा तयार**

विषयगत क्षेत्रहरूको छलफलर द्बितिय स्रोतबाट संकलन गरिएका सूचनाहरू संश्लेषण एवं विश्लेषण गरी पुनर्वास नगरपालिका को विपद् पूर्वतयारी तथा प्रतिकार्य योजनाको मस्यौदा तयार गरियो । यसरी तयार गरिएको थियो ।

**(ङ) पृष्ठपोषण संकलन र अन्तिम मस्यौदा तयार**

विषयगतक्षेत्रको बैठक तथा द्बितिय स्रोतको समेत अध्ययनबाट प्राप्त सुचनाबाट तयार गरिको विपद् पूर्वतयारी तथा प्रतिकार्य योजनाको मस्यौदामा विभिन्न सरोकारवाला निकाय, संघ संस्था र व्यक्तिहरूको उपस्थितीमा बैठक गरि आवश्यक सुझाव लिईएको थियो । यसरी प्राप्त सुझावहरु लाई सेमत यस योजनामा समावेश गरिएको छ ।

नगरपालिका स्तरिय सरोकारवालाहरुको बैठक बाट योजनाको पूनरावलोकन गरी प्राप्त सुझाव तथा सल्लाहलाई समेत यस विपद् पूर्वतयारी तथा प्रतिकार्य योजनालाई अन्तिम रुप दिईएको छ ।

### (च) योजनाको स्विकृती

कार्यशाला तबाट प्राप्त पृष्ठपोषणका आधारमा तयार भएको यस विपद पूर्वतयारी तथा प्रतिकार्य योजनाको मस्यौदामा सरोकारवाला निकाय, संघ, संस्था र विज्ञहरुको सुझाव सहित अन्तिमरुप दिई नगर कार्यपालिका बैठक बाट अन्तिम रुप दिईने छ ।

# परिच्छेद २
# विपद् जोखिम र व्यवस्थापनको अवस्था

## २.१. नगरपालिका को प्रमुख प्रकोपहरू

यस नगरपालिकामा प्रकोप जोखिम विश्षेण गर्दा क्रमश बाढी, कृषिमा रोग, जंगली जनावरको आक्रमण, हावाहुरी, डुवान, सुख्खा/खडेरी, भुक्षय तथा आगलागि, सडक दुर्घटना, महामारी आदि पर्दछन्। भारतिय नाका गौरीफन्टा मार्फत दैनिक हजारौं मानिसहरुका आवत जावत गर्ने र कोभिड १९ जस्ता त्रिव्ररुपमा सर्ने महामारीहरुको समेत उच्च जोखिममा रहेको छ।

## २.२. विभिन्न प्रकोपबाट भएको क्षति

पुनर्वास नगरपालिका को विपद्को अवस्था विश्लेषण गर्दा सबैभन्दा बढी क्षति बाढीले गरेको छ, जसको पूनरावृत्ति पनि उच्च छ। मूलतः बाढीले घर, जग्गा डुवान गर्ने, खेतियोग्य जमिन तथा सडक , सामुदायिक वनको जमिन कटान/पटान गर्ने गरेको छ। यसबाट मानिसहरू अस्थायी वा स्थायी रूपमा विस्थापित हुने अवस्था हुन्छ। बाढी बाहेक हावाहुरी, जंगली जनावर आतङ्क, शीतलहर, सुख्खा/खडेरी, आगलागी, चट्ट्याङ, सडक दुर्घटना, महामारी आदि प्रकोपबाट पनि उल्लेख्य क्षति भएको देखिन्छ । यस नगरपालिका क्षेत्रमा गत ३५ वर्षमा ५० पटक भन्दा बढी साना र ठूला बाढीका घटनाहरू भएका छन्। यस क्षेत्रमा भएर बग्ने दोदानदी, मोहना, कुर्सानाला लगायतका खोला तथा नालाहरूले बाढी सिर्जना गर्दछन्। वि.सं. २०४० देखि हाल सम्म विपदले पुऱ्याएको क्षतिको संक्षिप्त विवरण तलको तालिकामा राखिएको छ।

| मानिसको मृत्यु (जना) | क्षति घरधुरी (संख्या) | घर, गोठमा क्षति (संख्या) | प्रभावित घरधुरी (संख्या) | पशु क्षति (संख्या) | खेतको अन्नबाली क्षति (विगाह) | खेतियोग्य जमिन कटान (विगाह) |
|---|---|---|---|---|---|---|
| ८० | ९९४ | ९९४ | ५७९३ | ३३९ | ३०८५ | १२५५ |

स्रोतः स्थानिय विपद तथा जलवायु उत्थानशिल योजना, २०७५, पुनर्वास नगरपालिका

विभिन्न वर्षहरूमा विपदका कारण भएको क्षतिको विश्लेषण गर्दा हालसम्म सर्पदंशले ७४ जनाको मृत्यु, त्यसै गरि २०३६ साल देखि विभिन्न समयमा आएका बाढीका कारण ७ जनाको मृत्यु, १५ जना घाईते ३५६ घरहरू पूर्ण क्षति, १२ वटा विद्यालयका भवनहरू आंशिक क्षति, १४ वटा अन्य भौतिक संरचनाहरू क्षति भएको छ भने २७५४ घरपरिवार प्रभावित भएका छन्। भारतको दुधवा नेशनल पार्कबाट आउने हात्तीले बर्षेनी दुःख दिने गरेको घर, बाली नष्ट गर्नका साथै २०५९ सालमा भिमबस्तिमा हात्तिको आक्रमणबाट २ जनाको मृत्यु भएको पाईन्छ। विभिन्न समयमा चटयाङ्गबाटा घरमा क्षति हुनका साथै वडा नं ८ को एउटा परिवारका सदस्यहरु २ दिन सम्म बेहोस भएको पाईन्छ। विभिन्न समयमा आएको हावाहुरीका कारण नगरपालिका भरिमा घर तथा अन्य भवनका छाना उडाउने रुख र बिजुलीका पोल ढाल्ने गरेको पाईन्छ।

उपलब्ध जानकारी अनुसार विभिन्न वर्षमा आगलागीका घटना भएका थिए, जसमा ५० भन्दा बढी घर, गोठ नष्ट भएको तथा २०० कुण्टल जति गहुँबाली जलेर नष्ट भएको पाईन्छ। खडेरी/सुख्खापन दिन प्रति दिन बढ्दै गएको साथै पानीको माग बढे अनुरूप आपूर्ति हुन नसकेको अवस्था छ। खडेरीले यस नगरपालिका मा पुऱ्याएको असर, प्रभावहरू समुदायले भनेका आधारमा मात्र प्रस्तुत गरिएका छन् । तसर्थ, सुख्खा/खडेरी र पानीको यथार्थ अवस्था बारेमा थप अध्ययन, अनुसन्धान हुन आवश्यक छ। त्यसै गरि तरकारी, अन्नबाली र पशुचौपायाहरूमा रोग कीराको समस्या हुने गर्दछ। जलवायु परिवर्तनका कारण भविष्यमा मौसमजन्य प्रकोपहरूको प्रकृति, मात्रा र क्षति बढ्न सक्ने अनुमान गरिएको छ।

## २.३. सम्भाव्य प्रकोप तथा सम्भावित प्रभाव क्षेत्र

यस नगरपालिका का विभिन्न वटा ९ वटा वडाका बस्तिहरू बाढीको जोखिममा रहेका छन् । जंगली जनावरको आक्रमण, हावाहुरी, शीतलहर, असिनापानी, खडेरीबाट प्राय सबै वडाहरूमा असर पर्न सक्छ । जंगली जनावर बाट ५ वटा वडाहरू, वनमा हुने आगलागीबाट ८ वटा वडाहरूमा प्रत्यक्ष असर पर्छ । भूकम्पबाट सबै वडाहरू र जनसंख्या प्रभावित हुनेछन् ।

## २.४. विपद् जोखिम

यस नगरपालिकामा बाढीले विगत वर्षहरूमा धेरै क्षति गरेको छ । विगतको जत्तिकै मात्राको ठूलो बाढी आएमा यस नगरपालिका का १४८१ घरहरू (७४०५ जना मानिस), जमिन कटान/पटान र डुवानबाट प्रत्यक्ष प्रभावित हुनसक्ने देखिन्छ । यस क्षेत्रमा जलवायु परिवर्तनको प्रक्षेपण अनुसार भविष्यमा वर्षा हुने दिनहरू घट्ने तर कूल वर्षा ०.०८ देखि ७.०५ प्रतिशत सम्म बढ्न सक्ने भएकोले यस क्षेत्रमा भविष्यमा बाढीको जोखिम बढ्ने सम्भावना छ । अव्यवस्थित बसोवास तथा भौतिक संरचना निर्माणले गर्दा जोखिम थप बढ्नेछ । तसर्थ, कम्तिमा पनि १५०० भन्दा बढी घरधुरी (करिव ७५०० जनसंख्या) लाई आपत्कालीन व्यवस्था गर्न सक्ने गरी बाढीको विपद् पूर्वतयारी गर्न आवश्यक देखिन्छ । त्यसैगरी, शीतलहरले सबै वडाका करिब सबै मानिसहरू, हिउँदे खेतिबाली र सबै पशुचौपायाहरू प्रभावित हुनेछन् । मध्यम घनत्व र अवधीको शीतलहरबाट प्रत्यक्ष प्रभावित हुनसक्ने जनसंख्या हावाहुरीले जस्तै न्यूनतम १४७८ घरधुरी अनुमान गरिएको छ । तापनि, आवश्यक कपडा र खानेकुराको अभाव भोग्नुपर्ने र बाह्य सहयोग चाहिने जनसंख्या १,५०० जना अनुमान गरिएको छ । सुख्खा/खडेरीले गर्दा वर्षेनी अन्नबाली उत्पादनमा कमि भई रहेको जनगुनासो छ । यस नगरपालिका मा बस्ति बिकास भए देखि जंगली जनावर वस्तीमा आउने क्रम बढेको, अन्नबाली नोक्सान गर्दै गएको गुनासाहरू छन् । भविष्यमा बाढी, सुख्खा/खडेरी, आगलागी, अखाद्य वनस्पतीको प्रकोप आदिका कारण वनमा जनावरको लागि आवश्यक चरिचरन तथा वासस्थानको विनाश हुनसक्ने र नजिकै जोडिएको भारतको दुदवा नेशनल पार्क रहेको हुँदाखेतिबाली र वस्तीमा जङ्गली जनावरहरू आउने क्रम बढ्न सक्ने देखिन्छ । यसबाट मानव तथा वन्यजन्तु वीच द्वन्द बढ्दै जानसक्ने सम्भावना छ । खडेरी हरेक वर्ष लगातार बढ्दै गएमा खेतीजन्य उत्पादनमा कमीहुन सक्ने सम्भावना रहेको छ ।

विकास तथा जीविकोपार्जन गतिविधिहरूमा विपद् जोखिम न्यून गर्ने, उत्थानशील क्षमता अभिबृद्धि गर्ने साथैजलवायु परिवर्तनको असरको सामना गर्न अनुकूल हुनेगरी हुन सकेका छैनन् । यो अवस्थामा सुधार नभएमा थप प्रकोपहरूबाट पनि नगरपालिका  उत्तिकै जोखिममा रहनेछ ।

## २.५.पूर्वसूचना प्रणाली

नगरपालिका ले जिल्ला आपत्कालीन कार्यसञ्चालन केन्द्रबाट बाढी सम्बन्धी जानकारी प्राप्त गर्दछ । साथै नगरपालिकाको बाढी प्रभावित समुदाय बिचफाँटा र रातो तालमा नदी सतह मापन केन्द्र र वडा नं. ५ मा बर्षामापन केन्द्र स्थापना गरिएको छन । नदी सतहमापन केन्द्रले मछेली (दोदा ) को बाढीको पुर्वसुचना संकटासन्न समुदाय का साथै जिल्ला आपत्कालीन कार्यसञ्चालन केन्द्रमा सिधै सम्पर्क गरी बाढीको अवस्था सम्बन्धी सूचना लिनेदिने गर्दछन् । यसका साथै तल्लो तटीय क्षेत्रमा बस्ने समुदायले माथिल्लो तटिय क्षेत्रमा बस्ने नदी सतह गेज रिडरलाई सिधै सम्पर्क गरीसूचना प्राप्त गर्ने गर्दछन् ।

## २.६. कानूनी, नीतिगत तथा संस्थागत व्यवस्था

पुनर्वास नगरपालिका मा स्थानीय सरकार सञ्चालन ऐन, २०७४ र विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन ऐन, २०७४ (प्रथम संशोधन, २०७५) का आधारमा नगर विपद् व्यवस्थापन समिति गठन

गरिएको छ । समितिमा हाल रहेका पदाधिकारीहरूको विवरण अनुसूची १ मा संलग्न गरिएको छ । विपद् व्यवस्थापनका कार्यहरूलाई थप सहयोग पुऱ्याउन नगर विपद् व्यवस्थापन समिति अन्तर्गत ७ वटा विषयक्षेत्र हरु गठन गरिएका छन । नगरपालिका मा वातावरण तथा विपद् व्यवस्थापन शाखा स्थापना गरिएको छ । यसैगरी, विभिन्न वडामा वडास्तरीय विपद् व्यवस्थापन समिति तथा गठन गरिएको छ । नगरपालिकामा विपद् व्यवस्थापन कोष स्थापना गरिएको छ । नगरपालिकामा भवन निर्माण तथा योजना मापदण्ड २०७२ लागु भएको छ । साथै नगरपालिका स्तरमा विपद् व्यवस्थापन सम्बन्धी नीति, ऐन तथा आवश्यक मार्गदर्शनहरू बन्ने क्रममा रहेका छन् ।
नगरपालिकाको निति तथा कार्यक्रममा तपशिल बमोजिम विपद व्यवस्थापनका कार्यहरु समावेश गरिएका छन ।

**२०७७/७८ को निति तथा कार्यक्रम**

(घ) मा विपद व्यवस्थापन सम्बन्धि कार्यहरु

बुदा नं. १००. परिवर्तन र विपद व्यवस्थापनका लागि आवश्यक कार्यक्रम संचालन गरिनेछ ।

**नगरपालिकाको २०७८/७९ को निति तथा कार्यक्रममा**

(घ) मा विपद व्यवस्थापन सम्बन्धि कार्यहरु

बुँदा नं. ९६ घर नक्सा पास गर्दा १ घर ५ रुख अभियान अनिवार्य गरिनेछ ।

बुँदा नं.१०० विपद व्यवस्थापनको लागी विपद पुर्न सुचना प्रणाली अबलम्बन गरिनेछ ।

बुँदा नं १०४ विपद व्यवस्थापनका लागी आवश्यक कार्यक्रम संचालन गरिनेछ ।

बुँदा नं.१०६ प्राकृतिक विपद र दुर्घनाको जोखिम न्युनिकरण गर्न प्रदेश सरकार संग समन्वय गरि नगर क्षेत्रका सम्पुर्ण घरधुरी लाई बिमाको दायरामा समेट्ने व्यवस्था जस्ता कार्यहरु समेटिएको छ ।

## २.७. विषयगत क्षेत्रहरू तथा जिम्मेवार निकाय

पुनर्वास नगरपालिका ले विपद् प्रतिकार्यका लागि ७ वटा विषयगत क्षेत्रहरू निर्धारण गरी कार्य समूहहरू गठन गरेको छ ।

### (१) समग्र व्यवस्थापन, सूचना, खोज तथा उद्धार विषयगत क्षेत्र :

यस विषयगतक्षेत्रले विपद्को समयमा सम्पूर्ण सरोकारवालाहरूसँग समन्वय कायम गर्ने, विपद्को अवस्था आउनसक्ने पूर्वानुमान प्राप्त भएपछि स्थानीय सञ्चार माध्यमबाट सूचना सम्प्रेषण गर्ने, प्रकोपको कारण समस्यामा परिरहेका वा घाईतेलाई उद्धार गर्ने, हराएकाहरूको खोजी गर्ने, मानिसको मृत्यु भएमा सनाखत (वा हस्तान्तरण) को लागि प्रवन्ध मिलाउने, पीडितहरूलाई राहत रकम वितरण गर्ने आदि जिम्मेवारी निर्वाह गर्नेछ ।

**समग्र व्यवस्थापन, सूचना, खोज तथा उद्धार बिषयगत क्षेत्रका सदस्यहरुको विवरण ।**

| क्र.सं | संस्था/कार्यालय | प्रमुख सम्पर्क व्यक्ति | जिम्मेवारी | सम्पर्क नं. |
|---|---|---|---|---|
| १ | नगर कार्यपालिका नगरप्रमुख | श्री तोय प्रशाद शर्मा | संयोजक | ९८२४४६४०७५५ |
| २ | ईलाका प्रशासन कार्यालय | प्रमुख श्री | सदस्य | ०९९-५६०१०६ |
| ३ | न.पा.प्रमुख प्रशासकिय अधिकृत | गणेश ऐरी | सदस्य | ९८५८७२६१११ |
| ४ | ई.प्रहरी कार्यालय त्रिभुवनबस्ती | प्रमुख नरेशराज मल्ल | सदस्य | ९८५८७९००६३ |
| ८ | नेपाल रेडक्रस सोसाइटी | कृष्णबहादुर तामाङ्ग | सदस्य | ९८०६४३२५८४ |
| ९ | सामाजिक विकास समिति | कृष्णबहादुर तामाङ्ग | सदस्य | ९८६७२७१००४ |

(२) **खाद्य तथा कृषि बिषयगत क्षेत्र :**

यस विषयगतक्षेत्रले विपद्को अवस्थामा पीडितहरूलाई तत्काल सुख्खा खानेकुरा, विस्थापित भई शिविरमा बसेकालाई चामल, दाल, नुन, तेल आदि खाद्य सामग्री उपलब्ध गराउने, पकाउनको लागि प्रवन्ध मिलाउने र कृषिक्षेत्रमा भएको क्षति विवरण तयार गर्ने आदि जिम्मेवारी निर्वाह गर्नेछ । यस बिषयगत क्षेत्रका सदस्यहरुको विवरण यस प्रकार रहेको छ ।

| क्र.सं | संस्था/कार्यालय | सम्पर्क व्यक्ति | जिम्मेवारी | सम्पर्क नं. |
|---|---|---|---|---|
| १ | कृषि विकास शाखा | कर्णबहादुर शाही | संयोजक | ९८४८७८७२९० |
| २ | पशु सेवा शाखा | अनिता के.सि. | सदस्य | ९८६८५२९८२७ |
| ३ | नेपाल रेडक्रस सोसाइटी | कृष्णबहादुर तामाङ्ग | सदस्य | ९८०६४३२५८४ |

(३) **स्वास्थ्य तथा पोषण बिषयगत क्षेत्र :**

यस विषयगतक्षेत्रले विपद्मा घाईते भएकाहरूको प्राथमिक उपचार गर्ने, महामारी हुनबाट बचाउने विधिहरू अवलम्वन गर्ने, शिविरमा उपचार गर्न नसकिने प्रकृतिका स्वास्थ्य समस्या भएमा विरामीलाई अस्पताल सम्म पुर्याई स्वास्थ्य उपचारको सुनिश्चितता गर्ने, बालबालिकामा पोषणको कमि भएमा त्यसबाट हुनसक्ने समयस्या बारे पीडित र सरोकारवालालाई सचेत गर्ने आदि जिम्मेवारी निर्वाह गर्नेछ । यस बिषयगत क्षेत्रका सदस्यहरुको विवरण यस प्रकार रहेको छ ।

| क्र.सं | संस्था/कार्यालय | सम्पर्क व्यक्ति | जिम्मेवारी | सम्पर्क नं. |
|---|---|---|---|---|
| १ | स्वास्थ्य शाखा | राम ब. धामी | संयोजक | ९८४५४६८८१८ |
| २ | कालिका स्वास्थ्य चौकी | दिवाकर प्रताप | सदस्य | ९८०४६८४८८७ |
| ३ | त्रिभुवनबस्ती स्वास्थ्य चौकी | लक्ष्मी राज जोशी | सदस्य | ९८६५७५१७४४ |
| ४ | परासन स्वास्थ्य चौकी | राम चन्द्र तिमिलसिना | सदस्य | ९८४८७१३५९९ |
| ५ | शहरी स्वास्थय केन्द्र अरनिको बस्ती | राजेन्द्र भट्ट | सदस्य | |
| ६ | शहरी स्वास्थ्य केन्द्र भिमबस्ती | लक्ष्मी थापा | सदस्य | ९८०५७५७१४१ |
| ७ | महिला स्वास्थ्य स्वयमसेविका प्रतिनिधी | सुशिला खत्री | सदस्य | |
| ८ | रेडक्रस उपशाखा | कृष्णबहादुर तामाङ्ग | सदस्य | ९८०६४३२५८४ |

(४) **खानेपानी, सरसफाई तथा स्वच्छता प्रवर्द्धन**

यस विषयगतक्षेत्रले विपद्को अवस्थामा खानेपानी आपूर्ति, प्रकोपको कारण ढलेका बोटबिरूवाहरू हटाउने, विपद्जन्य घटनाबाट सिर्जना भएका फोहोरहरू सरसफाई गर्ने, मरेका पशुपंक्षीहरूको व्यवस्थापन गर्ने, व्यक्तिगत सरसफाईको लागि स्वच्छता सम्बन्धी सरसामानहरू (जस्तैः हाईजिन किट) उपलब्ध गर्ने आदि जिम्मेवारी निर्वाह गर्नेछ । यस बिषयगत क्षेत्रका सदस्यहरुको विवरण यस प्रकार रहेको छ ।

| क्र.सं. | निकाय, शाखा, संस्था | सम्पर्क व्यक्ति | जिम्मेवारी | सम्पर्क नम्वर |
|---|---|---|---|---|
| १ | सामाजिक विकास शाखा | कृष्णबहादुर तामाङ्ग | संयोजक | |
| २ | सरसफाई ईकाई | | सदस्य | |
| ३ | नेपाल रेडक्रस सोसाइटी | कृष्णबहादुर तामाङ्ग | सदस्य | ९८०६४३२५८४ |
| ४ | खानेपानी उपभोक्ता महासंघ | | सदस्य | |
| ५ | युवा क्लब प्रतिनिधी | | सदस्य | |
| ६ | सामुदायिक वन उपभोक्ता समुह प्रतिनिधी | | सदस्य | |

## (५) आपत्कालीन आश्रय तथा गैर-खाद्य सामग्री र शिघ्र पुर्नलाभ

यस विषयगतक्षेत्रले विपद्को कारण घरमा क्षति पुगी बस्न नसक्ने अवस्थाका पीडितहरूलाई आपत्कालीन आश्रय वा वासको लागि अस्थायी संरचना निर्माण गर्ने, पीडितहरूलाई गैर-खाद्य सामग्री वितरण आदि जिम्मेवारी निर्वाह गर्नेछ । विपद्को कारण अवरूद्ध हुन पुगेका अत्यावश्यक सेवाहरू ( जस्तैः सडक, विद्युत, खानेपानी, टेलिफोन) तत्काल सुचारू गर्ने र त्यस्ता सेवा प्रदान गर्ने निकायका कार्यालयहरूमा क्षति पुगेमा वैकल्पिक व्यवस्था गर्ने आदि जिम्मेवारी निर्वाह गर्नेछ । यस बिषयगत क्षेत्रका सदस्यहरुको विवरण यस प्रकार रहेको छ ।

| क्र.सं. | निकाय, शाखा, संस्था | सम्पर्क व्यक्ति | जिम्मेवारी | सम्पर्क नम्वर |
|---|---|---|---|---|
| १ | नगर उप प्रमुख | भुलीया कुमारी राणा | संयोजक | |
| २ | प्राविधिक शाखा प्रमुख | भान सिं धामी | सदस्य | ९८५१२२४४९९ |
| ३ | नेपाल रेडक्रस सोसाइटी | कृष्णबहादुर तामाङ्ग | सदस्य | ९८०६४३२५८४ |
| ४ | ई.प्रहरी कार्यालय, त्रिभुवनबस्ती | प्रहरी निरिक्षक | सदस्य | ९८५८७९००६३ |
| ५ | प्रहरी चौकी परासन | प्रहरी ना.निरिक्षक | सदस्य | ९८५८७९०४१६ |
| ६ | अस्थाई प्रहरी पोष्ट आईबिआरडि | प्रहरी स. निरिक्षक | | ९८६८७३४२५५ |

## (६) संरक्षण तथा सुरक्षा

यस विषयगतक्षेत्रले विपद्को समयमा महिला, गर्भवती महिला, सुत्केरी, अपाङ्गता भएका व्यक्तिहरू, शिशु, बालबालिका, बृद्धबृद्धाहरूलाई संरक्षण गर्ने, उनीहरूलाई आवश्यकता बमोजिमका सरसामानहरू( जस्तैः डिग्निटी किट) उपलब्ध गर्ने, घरपरिवारका सदस्य गुमाएकाहरू तथा विपद्का कारण त्रसित व्यक्तिहरूलाई मनोसामाजिक परामर्श सेवा दिने, हिंसामुक्त वातावरण सिर्जना गर्ने आदि जिम्मेवारी निर्वाह गर्नेछ । यस बिषयगतक्षेत्रका सदस्यहरुको विवरण यस प्रकार रहेको छ ।

| क्र.सं. | निकाय, शाखा, संस्था | टोली | सम्पर्क व्यक्ति | सम्पर्क नम्वर |
|---|---|---|---|---|
| १ | महिला विकास शाखा | रिता मल्ल | संयोजक | ९८६७७५४७१ |
| २ | नेपाल रेडक्रस सोसाइटी | कृष्णबहादुर तामाङ्ग | सदस्य | ९८०६४३२५८४ |
| ३ | ई.प्रहरी कार्यालय, त्रिभुवनबस्ती | प्रहरी निरिक्षक | सदस्य | ९८५८७९००६३ |
| ४ | प्रहरी चौकी परासन | प्रहरी ना.निरिक्षक | सदस्य | ९८५८७९०४१६ |
| ५ | ई.प्रहरी कार्यालय त्रिभुवनबस्ती | प्रमुख असई | | ९८५८७९०३३१ |

## (७) आपत्कालीन शिक्षा

यस विषयगतक्षेत्रले विपद्को कारण यदि विद्यालय ३ दिन भन्दा बढी बन्द भएमा विद्यार्थीहरूलाई आपत्कालीन शिक्षाको व्यवस्था गर्ने, प्रकोपले विद्यार्थीको पठनपाठनका शैक्षिक सामग्री हराएमा सो को व्यवस्था गर्ने र विद्यालयको शिक्षण सामग्रीहरू नष्ट भएमा पुनः व्यवस्था गर्ने आदि जिम्मेवारी निर्वाह गर्नेछ । यस बिषयगत क्षेत्रका सदस्यहरुको विवरण यस प्रकार रहेको छ ।

| क्र.सं. | निकाय, शाखा, संस्था | टोली | सम्पर्क व्यक्ति | सम्पर्क नम्वर |
|---|---|---|---|---|
| १ | शिक्षा शाखा | संयोजक | शिवराज भट्ट | ९८४४८७०९६० |
| २ | शिक्षा शाखा | | | |
| ६ | नेपाल रेडक्रस उपशाखा | प्रतिनिधी | कृष्णबहादुर तामाङ्ग | ९८०६४३२५८४ |

# परिच्छेद ३
# बिषयगत क्षेत्रको विपद पुर्वतयारी तथा प्रतिकार्य योजना

## ३.१ बिषयतग क्षेत्रको सामान्य पूर्वतयारी योजना

विपद् प्रतिकार्यका कार्यहरूलाई प्रभावकारी बनाउन विषयगतक्षेत्र अनुसार सामान्य पूर्वतयारीका गतिविधिहरू निम्नानुसार योजना गरिएको छ ।

**(क) समग्र व्यवस्थापन, सूचना, खोज तथा उद्धार क्षेत्रको सामान्य पूर्वतयारी योजना**

| क्र.सं. | सामान्य पूर्वतयारीका कार्यहरू | समय | स्थान | परिमाण | मुख्य जिम्मेवार निकाय, |
|---|---|---|---|---|---|
| १ | विपद्को क्षति, नोक्सानी मूल्याङ्कनको लागि सर्वेक्षण टोली गठन वा पुनर्गठन गर्ने । र आवश्यकता बमोजिम सर्वेक्षणका लागि सहायक टोलीहरू गठन गर्ने, तालिम आयोजना गर्ने । | हरेक सिजन शुरू हुनासाथ | नगर पालिका विपद व्यवस्थापन शाखा | हरेक वडामा एक र नगरस्तरमा एक | नगर विपद् व्यवस्थापन समिति |
| २ | प्रारम्भिक द्रुत लेखाजोखा, क्षति लेखाजोखा गर्न विस्तृत घरधुरी सर्वेक्षण फारम तयार गर्ने । | चैत्र २०८० | नगरपालिका स्तरमा | ३,००० प्रति | सामाजिक विकास शाखा |
| ३ | राहत वितरणका लागि सिफारिस फारम लगायतका कागजात तयार गर्ने । | बैशाख २०८१ | नगरस्तरमा | ३,००० प्रति | वातावरण तथा विपद् व्यवस्थापन शाखा |
| ४ | प्रकोपको प्रकृति अनुसार खोज तथा उद्धारका लागि टोली गठन गर्ने, सम्बन्धित विषयको तालिम आयोजना गर्ने र परिचालन हुने प्रक्रिया निर्धारण गर्ने । | जेठ २०८१ | वडामा | हरेक वडामा एक | वातावरण तथा विपद् व्यवस्थापन शाखा |
| ५ | खोज तथा उद्धार सामग्रीहरू खरिद, भण्डारण, मरम्मत, व्यवस्थापन गर्ने । | निरन्तर | वडा र नगरस्तरमा | हरेक वडामा कम्तिमा एक सेट | नगर विपद् व्यवस्थापन समिति, वडा समितिहरू |
| ६ | खोज तथा उद्धारका लागि प्रयोग गर्न सकिने सवारी साधनहरू र एम्बुलेन्सहरूको सम्पर्क सूची तयार गर्ने । | निरन्तर | नगरस्तरमा | …….. एम्बुलेन्स | वातावरण तथा विपद् व्यवस्थापन शाखा, स्वास्थ्य केन्द्र/शाखा |
| ७ | बाढीबाट बच्न र बचाउन सुरक्षित स्थान पहिचान र अद्यावधिक गर्न हरेक वडामा वडास्तरीयविपद् | निरन्तर | वडाअनुसार | वर्षमा १ पटक | वातावरण तथा विपद् व्यवस्थापन शाखा |

| | | | | | |
|---|---|---|---|---|---|
| | व्यवस्थापन समितिलाई अनुरोध गर्ने र सो को सूची तयार एवं अद्यावधिक गर्ने । | | | | |
| ८ | आपत्कालीन अवस्थामा प्रयोग गर्ने स्थलहरूको सूची राजपत्रमा प्रकाशित भएपछि आश्रयस्थलका रुपमा प्रयोग गर्न चाहिने भौतिक पूर्वाधार र सेवाहरू निर्माण, बिस्तार गर्ने | (तत्काल शुरु गर्नु पर्नेछ) | तोकिएको मापदण्ड अनुसार | एक योजना बनाएर | वातावरण तथा विपद् व्यवस्थापन शाखा |
| ९ | प्रकोपबाट समुदायलाई बचाउन आपत्कालीन आश्रय भवनहरू निर्माण गर्ने । | आवश्यकता अनुसार | हरेक वडामा जोखिममा रहेका समुदाय नजिक | ................ वटा | नगरपालिका, सम्बन्धित वडा |
| १० | बाढी, जंगलीजनवारको आक्रमण, शीतलहर, हावाहुरी, भूकम्प, चट्याङ, आगलागी आदि प्रकोपहरूबाट समुदायमा पर्नसक्ने असर र सो बाट बच्ने उपायहरूका बारेमा जनचेतनामूलक कार्यक्रम सञ्चालन गर्ने । | निरन्तर | नगरस्तरमा सञ्चालित एफ.एम. मार्फत | सिजन शुरू हुनुभन्दा अगावै कम्तिमा २ पटक | वातावरण तथा विपद् व्यवस्थापन शाखा, वडा कार्यालय |
| ११ | मानिसको ज्यान लिनसक्ने किसिमका जंगली जनावरहरू (जस्तैः जंगली हात्ती) बस्तीमा प्रवेश गरेमा सम्बन्धित समुदायलाई सूचना दिने प्रणालीको विकास गर्ने । | निरन्तर | वडास्तरमा | हरेक वडामा १ वटा | वातावरण तथा विपद् व्यवस्थापन शाखा, वडा कार्यालय |
| १२ | खोज तथा उद्धारलाई प्रभावकारी बनाउन प्रकोपमा आधारित कृत्रिम घटना अभ्यास गर्ने, गराउने । | हरेक सिजन शुरू हुनुभन्दा अगाडी | वडा र नगरस्तरमा | मूख्य प्रकोपहरूमा आधारित रही हरेक वर्ष कम्तिमा १,१ पटक | नगर विपद् व्यवस्थापन समिति |

**(ख) खाद्य तथा कृषि क्षेत्रको सामान्य पूर्वतयारी योजना**

| क्र.सं. | सामान्य पूर्वतयारीका कार्यहरू | समय | स्थान | परिमाण | जिम्मेवार निकाय, |
|---|---|---|---|---|---|
| १ | विपद्मा खाद्यान्न खरिद तथा आपूर्तिका लागि सम्भाव्य उद्योगहरू पहिचान गर्ने । साथै सहयोग लिन सकिने कार्यालय, संस्थाहरूसँग समन्वय गर्ने । | निरन्तर | नगरस्तरमा | वर्षको १ वा २ पटक | कृषि शाखा, सम्बन्धित कार्य समूह |
| २ | विपद्बाट प्रभावित हुनसक्ने जनसंख्याको आधारमा खाद्य सामग्री (चामल, दाल, तेल, नुन आदि) भण्डारण गर्ने । | हरेक सिजन शुरू हुनुभन्दा अगाडी | नगरस्तरमा | वर्षको २ पटक | कृषि शाखा, सम्बन्धित कार्यसमूह |
| ३ | तयारी खानेकुराका लागि तत्काल खरिद गर्न सकिने गरी पसलहरू पहिचान गर्ने वा अनुवन्ध करार गर्ने । | हरेक सिजन शुरू हुनुभन्दा अगाडी | नगरस्तरमा | कम्तिमा २ वटा ठूला पसलहरू वा उद्योग | कृषि शाखा र विषयगत क्षेत्रका सदस्यहरू |
| ४ | विपद्को समयमा खाद्य सामग्री वितरण गर्ने तौरतरिका/प्रक्रिया बारे यस विषयगत क्षेत्रका सदस्यहरू बीच छलफल तथा कृत्रिम घटना अभ्यास गर्ने । | हरेक सिजन शुरू हुनुभन्दा अगाडी | वडास्तरमा | मुख्य प्रकोपहरू देखापर्नुभन्दा पहिले कम्तिमा १ पटक | कृषि शाखा र विषयगत क्षेत्रका सदस्यहरू |

**(ग) स्वस्थ्य तथा पोषण क्षेत्रको सामान्य पूर्वतयारी योजना**

| क्र.सं. | सामान्य पूर्वतयारीका कार्यहरू | समय | स्थान | परिमाण | जिम्मेवार निकाय, |
|---|---|---|---|---|---|
| १ | विपद् पश्चात तत्काल देखा पर्ने स्वास्थ्य समस्या समाधानका लागि चाहिने औषधीहरू भण्डारण गर्ने । | हरेक महिना, औषधिको गुण अनुसार | नगरस्तरमा | १५०० जनाको लागि | स्वास्थ्य शाखा |
| २ | द्रुत प्रतिकार्य टोली (Rapid Response Team-RRT) गठन गर्ने, क्षमता विकास र कार्यसूची अद्यावधिक गर्ने । | स्वास्थ्य क्षेत्रको प्रोटोकल अनुसार | नगरस्तरमा | वर्षमा १ पटक | स्वास्थ्य शाखा, स्वास्थ्य कार्यसमूह |
| ३ | प्रतिकार्यको लागि आवश्यक दक्ष जनशक्ति तयार गर्ने । | आवश्यकता अनुसार तत्कालै | नगरस्तर र वडास्तरमा | नगरमा.......जना, वडास्तरमा ......... जना | स्वास्थ्य शाखा, नगरपालिका |

| | | | | | |
|---|---|---|---|---|---|
| ४ | स्वास्थ्य सम्बन्धी शिक्षण सामग्रीको व्यवस्था तथा स्वास्थ्य शिक्षाको लागि स्वास्थ्यकर्मीको व्यवस्था गर्ने । | नियमित | वडास्तरमा | हरेक वडामा एक जना | स्वास्थ्य शाखा र विषयगत क्षेत्रका सदस्यहरू |
| ५ | महामारी सम्बन्धी जनचेतना अभिबृद्धि कार्यक्रम सञ्चालन गर्ने । | नियमित | हरेक वडाका जोखिमयुक्त बस्तीस्तरमा | वर्षमा कम्तिमा ३ पटक | स्वास्थ्य शाखा र विषयगत क्षेत्रका सदस्यहरू |

## (घ) खानेपानी, सरसफाई तथा स्वच्छता प्रवर्द्धन क्षेत्रको सामान्य पूर्वतयारी योजना

| क.सं. | सामान्य पूर्वतयारीका कार्यहरू | समय | स्थान | परिमाण | जिम्मेवार निकाय, |
|---|---|---|---|---|---|
| १ | विपद्को समयमा खानेपानी शुद्धिकरणको लागि आवश्यक पर्ने औषधिको उचित भण्डारण गर्ने । | प्रकोप जोखिम अनुसार हरेक महिना | नगरस्तरमा | वर्षमा कम्तिमा १ पटक | खानेपानी तथा सरसफाई शाखा र रेडक्रस सोसाईटी |
| २ | सरसफाईका लागि आवश्यक पर्ने सामग्री तथा उपकरणहरू उपयुक्त ठाउँमा भण्डारण गर्ने । | प्रकोप जोखिम अनुसार हरेक महिना | नगरस्तरमा | वर्षमा कम्तिमा १ पटक | खानेपानी, सरसफाई तथा स्वच्छता कार्य समूह |
| ३ | खानेपानी ओसार्ने, जम्मा गर्ने र वितरण गर्ने साधनहरू मर्मत सम्भार गर्ने । | प्रकोप जोखिम अनुसार हरेक महिना | नगरस्तरमा | वर्षमा कम्तिमा १ पटक | खानेपानी, सरसफाई तथा स्वच्छता शाखा |
| ४ | आपत्कालीन अवस्थामा प्रयोग गर्न सकिने खानेपानीको श्रोतहरू पहिचान र संरक्षण गर्ने । | निरन्तर | वडा तथा समुदायस्तरमा | हरेक प्रभावित वडाहरू | नगरपालिका , खानेपानीसँग सम्बन्धित निकायहरू |

## (ङ) आपत्कालीन आश्रय, गैर-खाद्य सामग्री तथा शिघ्रपुर्नलाभ क्षेत्रको सामान्य पूर्वतयारी योजना

| क.सं. | सामान्य पूर्वतयारीका कार्यहरू | समय | स्थान | परिमाण | जिम्मेवार निकाय, संस्था |
|---|---|---|---|---|---|
| १ | विपद् प्रभावितहरूको लागि अस्थायी आश्रय वा वासको व्यवस्था गर्न आवश्यक सरसामान तथा औजारहरूको बन्दोबस्ती गर्ने । | हरेक सिजन शुरू हुनुभन्दा अगाडी | सबै वडामा | १५०० परिवारका लागि | पुर्वाधार शाखा नेपाल रेडक्रस सोसाइटी |

| | | | | | |
|---|---|---|---|---|---|
| २ | आपत्कालीन अवस्था आईपरेमा तुरून्त खरिद गर्न सकिने गरी अनुबन्ध करार गर्ने । | | थोक विक्रेता, पुनर्वास | २ हजार परिवारका लागि | नगरपालिका , नेपाल रेडक्रस सोसाइटी |
| ३ | अस्थायी आश्रय स्थल बनाउन सुविधायुक्त खुला क्षेत्रको व्यवस्था र उचित संरक्षण गर्ने । | निरन्तर | सबै वडामा | १५०० परिवारका लागि | नगरपालिका र सम्बन्धित वडा |
| ४ | गैर-खाद्य सामग्री सेटहरू भण्डारण गर्ने । | निरन्तर | नगरका गोदाम घरहरू (Warehouse) | कम्तिमा १५०० परिवारका लागि | नगरपालिका , नेपाल रेडक्रस सोसाइटी |
| ५ | विपद् प्रभावित स्थान वा शिविर खडा गर्नुपर्ने स्थान सम्म सरसामान तथा औजारहरू लैजान सवारी साधनको व्यवस्था गर्ने । | निरन्तर | नगरस्तरमा | वर्षमा कम्तिमा २ पटक | विषयगत क्षेत्रका सदस्यहरू |
| ६ | अस्थायी आश्रय वा वास निर्माणको लागि टोली गठन गर्ने र दक्षता अभिबृद्धिका लागि कृत्रिम घटना अभ्यास गर्ने । | हरेक सिजन शुरू हुनुभन्दा अगाडी | वडास्तरमा | हरेक वडामा | विषयगत क्षेत्रका सदस्यहरू |
| ७ | बाढी लगायतका अन्य प्रकोपहरूले असर नगर्ने सुरक्षित स्थानमा आपत्कालीन प्रयोजनको लागि खानेपानी ट्याङ्की, शौचालय र हातेपम्पे व्यवस्था गर्ने । | निरन्तर | वडास्तरमा | सबै वडाहरूमा | पुर्वाधार शाखा, |
| ८ | अत्यावश्यक सेवाहरू (जस्तैः सडक, खानेपानी, विजुली आदि) अवरूद्ध भएमा उक्त सेवा सुचारू गर्न तत्काल परिचालनका लागि प्राविधिक टोली गठन गर्ने र आवश्यक सामग्रीहरूको प्रवन्ध मिलाउने । | निरन्तर | नगरस्तर र वडास्तरमा | नगरमा एक, वडास्तरमा एक | प्राविधिक शाखा र विषयगत क्षेत्रका सदस्यहरू |

## (च) संरक्षण तथा सुरक्षा क्षेत्रको सामान्य पूर्वतयारी योजना

| क्र.सं. | सामान्य पूर्वतयारीका कार्यहरू | समय | स्थान | परिमाण | जिम्मेवार निकाय, संस्था |
|---|---|---|---|---|---|
| १ | महिला, बालबालिका, अपाङ्गता भएका व्यक्ति र ज्येष्ठ नागरिकको संरक्षणका तरिकाहरू बारे जानकारी पुस्तिका तयार एवं प्रकाशन गर्ने । | निरन्तर | नगरपालिका | कम्तिमा ५०० प्रति | महिला विकास शाखा, पुनर्वास नगरपालिका |

| | | | | | |
|---|---|---|---|---|---|
| २ | विपद्को समयका लागि अत्यावश्यक सेवाका लागि चाहिने सामग्रीहरू (जस्तैः डिग्निटि किट) खरिद, जाहो गरी भण्डारण गर्ने । | निरन्तर | नगरपालिकाका गोदाम घरहरू (Warehouse) | २५०० वटा | संरक्षण तथा सुरक्षा विषयगतक्षेत्रका सदस्यहरू |
| ३ | उमेर, शारीरिक अवस्था, अपाङ्गता अनुसार गरिनुपर्ने सेवा सहयोगका लागि प्रोटोकल तयार गर्ने र लागू गर्ने । | तत्काल | नगरपालिका | १ पटक | महिला विकास शाखा र नेपाल रेडक्रस सोसाइटी |
| ४ | विद्यालयका शिक्षकहरू र महिला स्वास्थ्य स्वयसेविकालाई आधारभूत मनोसामाजिक परामर्श तालिम दिने । | निरन्तर | वडास्तरमा | १ विद्यालयबाट १ जना, वडामा २ जना महिला स्वास्थ्य स्वयम्सेविका | महिला विकास शाखा र नेपाल रेडक्रस सोसाइटी |
| ५ | विपद्को समयमा परिचालन हुने विषयगतक्षेत्र- का सदस्यहरूलाई कृत्रिम घटना अभ्यास गर्ने । | निरन्तर | वडास्तरमा | प्रकोप अनुसार कम्तिमा १ पटक | विषयगत क्षेत्रका सदस्यहरू |

**(छ) आपत्कालीन शिक्षा विषयगत क्षेत्रको सामान्य पूर्वतयारी योजना**

| क्र.सं. | सामान्य पूर्वतयारीका कार्यहरू | समय | स्थान | परिमाण | जिम्मेवार निकाय,संस्था |
|---|---|---|---|---|---|
| १ | बाढी, हावाहुरी, शीतलहरले प्रभावित गर्नसक्ने विद्यालयहरूको सूची अद्यावधिक गर्ने । सम्भावित क्षतिको आँकलन गर्ने । | वर्षको १ पटक | वडास्तरमा | सबै वडाका विद्यालय | शिक्षा शाखा, सम्बन्धित विद्यालय |
| २ | आपत्कालीन शिक्षाका लागि आवश्यक पर्ने शिक्षण सामग्रीहरू तयारी अवस्थामा राख्ने । | निरन्तर | नगरस्तरमा | २० वटा विद्यालयको लागि | शिक्षा शाखा, सम्बन्धित विद्यालय |
| ३ | शीतलहरबाट विद्यार्थीमा हुनसक्ने प्रभावहरूको बारेमा विद्यालयमा जनचेतनामूलक कार्यक्रम सञ्चालन गर्ने । | निरन्तर | विद्यालयस्तरमा | २६ वटा | शिक्षा शाखा, सम्बन्धित विद्यालय |
| ४ | चट्ट्याङ पर्ने समयमा त्यसबाट बच्न/जोगिन अपनाउनुपर्ने उपाय बारे विद्यालयहरूमा चेतनामूलक कार्यक्रमहरू सञ्चालन गर्ने र एफ.एम.बाट सन्देशमूलक कार्यक्रम प्रशारण गर्ने | निरन्तर | विद्यालयस्तर र नगरस्तरमा | २६ वटा विद्यालय र एफ.एम.बाट कम्तिमा १५ दिन (प्रकोपमा केन्द्रित भई) | शिक्षा शाखा, सम्बन्धित विद्यालय |
| ५ | प्रकोपले प्रभावित गर्ने सम्भावना भएको जानकारी प्राप्त भएमा विद्यालयमा पठनपाठन चलिरहेको बेला विद्यार्थी र शिक्षकले गर्ने क्रियाकलापहरू समेटी आपत्कालीन अवस्थाको लागि कार्यविधि बनाउने । | निरन्तर | विद्यालयस्तरमा | प्रकोपमा आधारित रही १ पटक | |

## ३.२ बिषयगत क्षेत्रको पूर्वानुमानमा आधारित पूर्वतयारी योजना

प्रकोप आउने समय सीमा नजिक हुन थालेपछि वा प्रकोपको पूर्वानुमान प्राप्त भएपछि गरिने कृयाकलापहरूको योजना देहाय बमोजिम गरिएको छ ।

### (क) समग्र व्यवस्थापन, सूचना, खोज तथा उद्धार क्षेत्रको पूर्वानुमानमा आधारित पूर्वतयारी योजना

| क्र.सं. | पूर्वानुमानमा आधारित पूर्वतयारीका कार्यहरू | समय | स्थान | परिमाण | जिम्मेवार निकाय, संस्था |
|---|---|---|---|---|---|
| १ | वर्षा र आँधी/हावाहुरीको पूर्वानुमान सम्बन्धी जानकारी जल तथा मौसम विज्ञान विभाग (सिधै वा वेभपेज मार्फत) र जिल्ला आपत्कालीन कार्यसञ्चालन केन्द्रबाट आदानप्रदान गर्ने । | माघ देखि असोज सम्म | नगरस्तरमा | दिनमा कम्तिमा १ पटक | विपद् व्यवस्थापन शाखा |
| २ | अत्यधिक वर्षा भई बाढी आउनसक्ने अवस्था वा खराव मौसमको कारण हावाहुरी आउनसक्ने सम्भावना भएमासूचना जारी गर्ने । आपत्कालीन अवस्थामा अपनाउन पर्ने कार्यबिधिको सन्देश प्रशारण गर्ने । | पूर्वानुमान प्राप्त भए लगत्तै | नगरबाट बस्तीसम्म पहुँच हुनेगरी | पूर्वानुमानको खवर पश्चात दिनमा कम्तिमा ३ पटक | नगर विपद् व्यवस्थापन समिति |
| ३ | विपद् हुनसक्ने सम्भावना देखिएमा सबै विषयगत क्षेत्रहरूलाई तयारी अवस्थामा रहन आग्रह गर्ने । | पूर्वानुमान प्राप्त भए लगत्तै | नगरस्तरमा | सूचना प्राप्त भएपछि कम्तिमा एक पटक र आवश्यकता अनुसार थप | आपत्कालीन कार्यसञ्चालन केन्द्र, नगर प्रमुख वा उपप्रमुख |
| ४ | विपद् पूर्वानुमान अनुरुप वडास्तरीय समितिलाई जानकारी गर्ने ।<br>प्रभावित हुनसक्ने समुदायलाई सुरक्षित स्थानमा सर्न आग्रह गर्ने, सघाउने । | पूर्वानुमान प्राप्त भए लगत्तै | नगरक्षेत्र सबैमा | जोखिममा रहेका सबै समुदाय | आपत्कालीन कार्यसञ्चालन केन्द्र, नगर प्रमुख वा उपप्रमुख |
| ५ | खोज तथा उद्धार टोली र क्षतिसर्वेक्षण टोली तयारी अवस्थामा राख्ने । | पूर्वानुमान प्राप्त भए लगत्तै | नगरस्तरमा, वडास्तरमा | प्रकोपअनुसार | नगर विपद् व्यवस्थापन समिति |

**(ख) खाद्य तथा कृषि क्षेत्रको पूर्वानुमानमा आधारित पूर्वतयारी योजना**

| क्र.सं. | पूर्वानुमानमा आधारित पूर्वतयारीका कार्यहरू | समय | स्थान | परिमाण | जिम्मेवार निकाय, संस्था |
|---|---|---|---|---|---|
| १ | नगर विपद् व्यवस्थापन समितिबाट विपद् हुनसक्ने सम्भावना भएको सूचना जारी भएमा यस विषयगतक्षेत्रका सदस्यहरू- लाई प्रभावित स्थानमा परिचालनका लागि विषयगत क्षेत्रको समन्वयात्मक बैठक बस्ने । | पूर्वानुमानको जानकारी पश्चात | नगरस्तरमा | सूचना प्राप्त भएपछि १ पटक र आवश्यकता अनुसार थप | खाद्य विषयगत कार्य समूह |
| २ | विपद्को समयमा खाद्य सामग्रीहरू विपद् प्रभावित स्थानमा लैजान सवारी साधन तयारी अवस्थामा राख्ने र भण्डारण गरिएको खाद्य सामग्रीहरूको अवस्था निरिक्षण गर्ने । | पूर्वानुमानको जानकारी पश्चात | नगरस्तरमा | प्रकोपको सिजन अनुसार | खाद्य विषयगत कार्य समूह |

**(ग) स्वास्थ्य तथा पोषण क्षेत्रको पूर्वानुमानमा आधारित पूर्वतयारी योजना**

| क्र.सं. | पूर्वानुमानमा आधारित पूर्वतयारीका कार्यहरू | समय | स्थान | परिमाण | जिम्मेवार निकाय, संस्था |
|---|---|---|---|---|---|
| १ | विपद् हुनसक्ने सम्भावना भएको सूचना प्राप्त भएपछि विषयगत क्षेत्रको समन्वयात्मक बैठक । आपत्कालीन् योजना लागू गर्ने । | पूर्वानुमानको जानकारी पश्चात तत्कालै | नगरस्तरमा | सूचना प्राप्त भएपछि १ पटक र आवश्यकता अनुसार थप | स्वास्थ्य शाखा र विषयगत क्षेत्रका समूह सदस्यहरू |
| २ | विपद् प्रभावित स्थानमा लैजाने औषधी तथा उपकरण ठिक अवस्थामा भए नभएको निरिक्षण गर्ने । | पूर्वानुमानको जानकारी पश्चात | नगरस्तरमा | प्रकोपको सिजन अनुसार | स्वास्थ्य शाखा र विषयगत क्षेत्रका समूह सदस्यहरू |
| ३ | प्राथमिक उपचार र स्वास्थ्य सेवा उपलब्ध गराउन जनशक्ति र सवारी साधन तयारी अवस्थामा राख्ने । | पूर्वानुमानको जानकारी पश्चात | नगरस्तरमा | प्रकोपको सिजन अनुसार | स्वास्थ्य शाखा र विषयगत क्षेत्रका समूह सदस्यहरू |
| ४ | विपद् प्रतिकार्यको विषयक्षेत्रगत कृत्रिम घटना अभ्यास गरी कमजोरीहरूको निराकरण गर्ने । | पूर्वानुमानको जानकारी पश्चात | वडा तथा नगरस्तरमा | मुख्य प्रकोपको आधारमा कम्तिमा १ पटक | स्वास्थ्य शाखा र विषयगत क्षेत्रका समूह सदस्यहरू |

## (घ) खानेपानी, सरसफाई तथा स्वच्छता प्रवर्द्धन क्षेत्रको पूर्वानुमानमा आधारित पूर्वतयारी योजना

| क्र.सं. | पूर्वानुमानमा आधारित पूर्वतयारीका कार्यहरू | समय | स्थान | परिमाण | जिम्मेवार निकाय, संस्था |
|---|---|---|---|---|---|
| १ | विपद् हुनसक्ने सम्भावना भएको सूचना जारी भएमा यस विषयगतक्षेत्रका सदस्यहरू- लाई प्रभावित स्थानमा परिचालनका लागि विषयगत क्षेत्रको समन्वयात्मक बैठक बस्ने । | पूर्वानुमानको जानकारी पश्चात | नगरस्तरमा | सूचना प्राप्त भएपछि १ पटक र आवश्यकता अनुसार थप | सामाजिक विकास शाखा र विषयगत क्षेत्रका सदस्यहरू |
| २ | खानेपानी शुद्धिकरणका लागि पर्याप्त औषधि तथा प्रविधिको व्यवस्था गर्ने, तुरून्त प्रयोग गर्न सकिने गरी तैयारी अवस्थामा राख्ने । | पूर्वानुमानको जानकारी पश्चात | नगरस्तरमा | प्रकोपको सिजन अनुसार | खानेपानी तथा सरसफाई विषयगत शाखा |
| ३ | सरसफाईका लागि परिचालन हुन आवश्यक सवारी साधन, उपकरणहरू तैयारी अवस्थामा राख्ने । | पूर्वानुमानको जानकारी पश्चात | नगरस्तरमा | प्रकोपको सिजन अनुसार | सरसफाई ईकाई, पुनर्वास नगरपालिका |
| ४ | विपद् प्रभावित स्थानमा खानेपानी वितरण र सरसफाईका लागि परिचालित हुन विषयगत क्षेत्रका सदस्यहरूलाई तैयारी अवस्थामा राख्ने । | पूर्वानुमानको जानकारी पश्चात | नगरस्तरमा | प्रकोपको सिजन अनुसार | विषयगत क्षेत्रका सदस्यहरू |

## (ङ) आपत्कालीन आश्रय , गैर-खाद्य सामग्री तथा शिघ्रपुर्नलाभ क्षेत्रको पूर्वानुमानमा आधारित पूर्वतयारी योजना

| क्र.सं. | पूर्वानुमानमा आधारित पूर्वतयारीका कार्यहरू | समय | स्थान | परिमाण | जिम्मेवार निकाय, |
|---|---|---|---|---|---|
| १ | विपद् हुनसक्ने सम्भावना भएको सूचना जारी भएमा यस विषयगतक्षेत्रका सदस्यहरू- लाई प्रभावित स्थानमा परिचालनका लागि विषयगत क्षेत्रको समन्वयात्मक बैठक बस्ने । | पूर्वानुमानको जानकारी पश्चात | नगरस्तरमा | सूचना प्राप्त भएपछि १ पटक र आवश्यकता अनुसार थप | नेपाल रेडक्रस सोसाइटी र विषयगत क्षेत्रका सदस्यहरू |
| २ | अवस्था हेरी नगर क्षेत्रमा करिब २ हजार जनालाई अस्थायी रूपमा तीन दिनसम्म राख्न सकिने गरी आपत्कालीन आश्रय स्थल तयारी अवस्थामा राख्ने । | तत्कालै | वडास्तर र नगरस्तरमा | प्रकोप अनुसार | नगरपालिका , नेपाल रेडक्रस सोसाइटी र विषयगत क्षेत्रका सदस्यहरू |

| | | | | | |
|---|---|---|---|---|---|
| ३ | अस्थायी आश्रय वा आवास निर्माणका सामग्रीहरू तथा औजारहरू तैयारी अवस्थामा राख्ने । | पूर्वानुमानको जानकारी पश्चात | नगरस्तरमा | प्रकोपको सिजन अनुसार | नेपाल रेडक्रस सोसाइटी र विषयगत क्षेत्रका सदस्यहरू |
| ४ | अस्थायी आश्रय वा आवास निर्माण सामग्री तथा औजारहरू ढुवानीको लागि सवारी साधन, निर्माण जनशक्ति तैयारी अवस्थामा राख्ने । | पूर्वानुमानको जानकारी पश्चात | नगरस्तरमा | प्रकोपको सिजन अनुसार | नेपाल रेडक्रस सोसाइटी र विषयगत क्षेत्रका सदस्यहरू |
| ५ | विपद् हुनसक्ने सम्भावना भएको सूचना जारी भएमा यस विषयगतक्षेत्रका सदस्यहरू- लाई प्रभावित स्थानमा परिचालनका लागि विषयगत क्षेत्रको समन्वयात्मक बैठक बस्ने । | पूर्वानुमानको जानकारी पश्चात | नगरस्तरमा | सूचना प्राप्त भएपछि १ पटक र आवश्यकता अनुसार थप | प्राविधिक शाखा, पुनर्वास नगरपालिका |
| ६ | अत्यावश्यक सेवा सुचारू गर्नका लागि भण्डारण गरिएका आवश्यक सामग्री तथा उपकरणहरू निरिक्षण गर्ने र दक्ष जनशक्ति तैयारी अवस्थामा राख्ने । | पूर्वानुमानको जानकारी पश्चात | नगरस्तरमा | प्रकोपको सिजन अनुसार | प्राविधिक शाखा, पुनर्वास नगरपालिका |
| ७ | सर्वेक्षण टोलीमा समावेश हुने व्यक्तिलाई तयारी अवस्थामा रहन अनुरोध गर्ने । | पूर्वानुमानको जानकारी पश्चात | नगरस्तरमा | प्रकोपको सिजन अनुसार | प्राविधिक शाखा, पुनर्वास नगरपालिका |

### (च) संरक्षण तथा सुरक्षा क्षेत्रको पूर्वानुमानमा आधारित पूर्वतयारी योजना

| क्र.सं. | पूर्वानुमानमा आधारित पूर्वतयारीका कार्यहरू | समय | स्थान | परिमाण | जिम्मेवार निकाय, |
|---|---|---|---|---|---|
| १ | विपद् हुनसक्ने सम्भावना भएको सूचना जारी भएमा यस विषयगतक्षेत्रका सदस्यहरू- लाई प्रभावित स्थानमा परिचालनका लागि विषयगत क्षेत्रको समन्वयात्मक बैठक बस्ने । | पूर्वानुमानको जानकारी पश्चात | नगरस्तरमा | सूचना प्राप्त भएपछि १ पटक र आवश्यकता अनुसार थप | महिला विकास शाखा, संरक्षण कार्यसमूह |
| २ | विपद्जन्य घटनाबाट प्रभावितलाई परामर्श सेवा दिन परामर्श टोली तयारी अवस्थामा राख्ने । | पूर्वानुमानको जानकारी पश्चात | नगरस्तरमा | प्रकोपको सिजन अनुसार | महिला विकास शाखा, संरक्षण कार्यसमूह |

| | | | | | |
|---|---|---|---|---|---|
| ३ | विपद् प्रभावित स्थान वा शिविर सञ्चालन भएको स्थानमा लैजाने सरसामानहरू (जस्तैः डिग्निटी किट) तैयारी अवस्थामा राख्ने । | पूर्वानुमानको जानकारी पश्चात | नगरस्तरमा | प्रकोपको सिजन अनुसार | महिला विकास शाखा, संरक्षण कार्यसमूह |

**(छ) आपत्कालीन् शिक्षा क्षेत्रको पूर्वानुमानमा आधारित पूर्वतयारी योजना**

| क्र.सं. | पूर्वानुमानमा आधारित पूर्वतयारीका कार्यहरू | समय | स्थान | परिमाण | जिम्मेवार निकाय, संस्था |
|---|---|---|---|---|---|
| १ | विपद् हुनसक्ने सम्भावना भएको सूचना जारी भएमा यस विषयगतक्षेत्रका सदस्यहरू- लाई प्रभावित स्थानमा परिचालनका लागि विषयगत क्षेत्रको समन्वयात्मक बैठक बस्ने । | पूर्वानुमानको जानकारी पश्चात | नगरस्तरमा | सूचना प्राप्त भएपछि १ पटक र आवश्यकता अनुसार थप | शिक्षा शाखा, पुनर्वास नगरपालिका |
| २ | सबै विद्यालयलाई शिक्षण सामग्रीहरू सुरक्षित ठाउँमा राख्न अनुरोध गर्ने । | समन्वयात्मक बैठक पश्चात | विद्यालयस्तरमा | प्रकोप अनुसार | शिक्षा शाखा, पुनर्वास नगरपालिका |
| ३ | विपद्को समयमा अपनाउनुपर्ने सावधानी र सुरक्षाका उपाय तथा अनुशासनका बारेमा विद्यार्थीलाई सचेत गर्ने । | तत्काल | विद्यालयस्तरमा | प्रकोपको सिजन अनुसार | शिक्षा शाखा, सम्बन्धित विद्यालय |
| ४ | विपद्को समयमा पठनपाठन निरन्तर गर्न आवश्यक तयारी गर्ने । | तत्काल | नगरस्तरमा | प्रकोप अनुसार | शिक्षा शाखा, सम्बन्धित विद्यालय |

## ३.३ आपत्कालीन प्रतिकार्य (कार्यविधि) योजना

कुनै पनि प्रकोपबाट सिर्जित विपद्मा प्रतिकार्य गर्नका लागि पुनर्वास नगरपालिका अन्तर्गत गठित सम्पूर्ण विषयगत क्षेत्रहरू परिचालनका लागि तपशिल बमोजिमका प्रतिकार्य सम्बन्धी क्रियाकलापहरू तय गरिएको छ ।

### (क) समग्र व्यवस्थापन, सूचना, खोज तथा उद्धार क्षेत्रको प्रतिकार्य योजना

| क्र.सं. | प्रतिकार्य सम्बन्धी क्रियाकलापहरू | समय | मुख्य जिम्मेवार निकाय, |
|---|---|---|---|
